## २०७६/०२/२१ गतेको बैठकको निर्णय :

**प्रस्ताव नं. १ : पाँचौ नगरसभा बैठकका लागि तयारी सम्बन्धमा ।**

**निर्णय नं. १ :** यस नगरपालिकाको पाँचौ नगरसभा बैठक संचालनका लागि तपसिल बमोजिम कार्यतालिका स्वीकृत गर्ने ।

### कार्यतालिका

| क्र. सं. | क्रियाकलाप | मिति | समय | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजस्व परामर्श समितिको बैठक | २०७६/०२/२४ र २७ गते | विहान ७:००बजे | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| २ | विभिन्न विषयगत समितिहरुको प्रारम्भिक संयुक्त बैठक | २०७६/०२/ २८ गते | दिउँसो ३ :०० बजे | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ३ | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक | २०७६/०२/२९ र ३० गते | विहान ७ :००बजे | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ४ | वस्ती तहका योजना छनौट | २०७६/०२/२३ देखि जेष्ठ ३० गते सम्म | सम्वन्धित वडाको समय तालिका अनुसार | सम्वन्धित वडा समिति | |
| ५ | वडातहका योजना छनौट तथा प्राथमिकिकरण | २०७६/०२/३० देखि असार १गतेसम्म | सम्वन्धित वडाको समय तालिका अनुसार | सम्वन्धित वडा समिति | |
| ६ | विषयगत समितिहरुको वैठक | २०७६/०३/०३ र ४ गतेसम्म | १०:००वजे देखि ५:०० वजे सम्म | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ७ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक | २०७६/०३/०५ देखि ६ गतेसम्म | १०:००वजे देखि १:०० वजे सम्म | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ८ | कार्यपालिका बैठकबाट नीति तथा कार्यक्रम स्वीकृत | २०७६/०३/ ६ गते | दिउंसो ३ :०० बजे | नगर प्रमुख, नगर उपप्रमुख | |
| ९ | नीति तथा कार्यक्रम पेश | २०७६/०३/०७ गते | दिउँसो १ :०० बजे | नगर प्रमुख, नगर उपप्रमुख | |
| १० | नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्विकृति | २०७६/०३/९गते | विहान ७:००बजे देखि | नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत | |
| ११ | बजेट तथा कार्यक्रम पेश | २०७६/०३/१०गते | दिउँसो १ :०० बजे | नगर प्रमुख, नगर उपप्रमुख | |
| १२ | नगर सभाबाट बजेट तथा कार्यक्रम स्विकृति | २०७६ असारभित्र | | नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत | |

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

**प्रस्ताव नं. २ : प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. २ :** नेपाल सरकार, श्रम , रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को परिच्छेद -४, निर्देशक समिति सम्बन्धी को नियम १४ स्थानीय निर्देशक समिति १ (ग) मा रहेको व्यवस्था बमोजिम सदस्य वडा नं.५ का वडाअध्यक्ष श्री रामशंकर डगौरा थारु र वडा नं. ९ का वडा अध्यक्ष श्री लौटन चौधरीलाई तोक्ने निर्णय गरियो साथै यस नगरपालिकामा प्रधानमन्त्री रोगगार कार्यक्रम अन्तर्गत पेश हुन आएका दरखास्तका आधारमा तपसिल बमोजिम रकमको बाँडफाँड गर्ने ।

**विवरण**

| वडा नं | २०७५ चैत्रमा परेको निवेदन संख्या | २०७६ वैशाख सम्म परेको निवेदन संख्या | अनुदान रकम बाँडफाँड | छनौट गरिने योजना संख्या (वटा) | ७०% ज्याला बापतको रकम | ३० दिन बराबरको रोजगारी प्राप्तगर्ने व्यक्तिको संख्या | उल्लेखित व्यक्तिको ३० दिन बराबरको हुन आउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३१५३ | ४००० | ३२,३१,४६६.१८ | ७ | २२,६२,०२६.३२६ | १४६ | २२,६४,४६० | |
| ४२ | ९२२ | ९९९ | ७,९६,७९९.८८ | २ | ५,५७,७५९.९१६ | ३६ | ५,५८,३६० | |
| ३ | ८९० | १०२३ | ८,४१,०६६.५४ | २ | ५,८८,७४६.५७८ | ३८ | ५,८९,३८० | |
| ४ | १०४४ | १०८६ | ८,८५,३३३.२ | २ | ६,१९,७३३.२४ | ४० | ६,२०,४०० | |
| ५ | ६५४ | ७१० | ५,७५,४६६.५८ | २ | ४,०२,८२६.६०६ | २६ | ४,०३,२६० | |
| ६ | ८२४ | ९२८ | ७,५२,५३३.२२ | २ | ५,२६,७७३.२५४ | ३४ | ५,२७,३४० | |
| ७ | ५७२ | ६५० | ५,३१,१९९.९२ | २ | ३७१८३९.९४४ | २४ | ३,७२,२४० | |
| ८ | ३१८ | ३४४ | २,८७,७३३.२९ | १ | २,०१,४१३.३०३ | १३ | २,०१,६३० | |
| ९ | ५०१ | ५०१ | ३,९८,३९९.९४ | १ | २,७८,८७९.९५८ | १८ | २,७९,१८० | |
| जम्मा | ८,८७३ | १०,२४१ | ८३,००,००० | २१ | ५८,१०,००० | ३७५ | ५८,१६,२५० | |

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

**प्रस्ताव नं.३ : ड्रेस कोड सम्बन्धमा ।**

**निर्णय नि.३ :** टीकापुर नगरपालिका, नगर कार्यपालिका कार्यालयका सवारी चालक तथा फायरमेन अग्नि नियन्त्रक)का लागि कार्यालय समयमा विशेष पहिचान र एकरुपताका लागि ड्रेश कोड सिफारिस गर्न मिति २०७५/०२/०२ गते गठित समितिबाट सिफारिस भए बमोजिम तपसिल बमोजिम ड्रेश कोड कायम गर्ने ।

क) पोषाक :- दुवै पदको हकमा सर्ट तथा पाईन्ट दुवै एकै रंगको रहनेछ ।
ख) रंग :- खरानी (हल्का) रंगको रहने ।
ग) बेल्ट (कम्मर पेटि) : -दुवैको हकमा कालो रंगको बेल्ट (कम्मर पेटि) रहने ।
घ) जुत्ता तथा मोजा :- जुत्ता कालो रगको (छाला) र मोजा खरानी रंगको रहने ।
ङ) सिलाई :- सिलाईको हकमा निम्न कुराहरु समेटिएको हुनुपर्ने ।

१. दुवै पदको सर्टको काधमा (कुम) फिता रहने ।

२. सर्टको छाती (पकेट ) गोजि/खल्तिको माथिल्लो भागमा नेम प्लेट पद सहित रहने ।

३. फायरमेनको हकमा सर्टमा २ (दुई ) छातीमा र २ (दुई) कम्मरमा गरी जम्मा४ (चार) वटा बक्स पकेट रहने छ भने सवारी चालकको हकमा छातीमा मात्र ढक्कन भएको २ वटा साधा पकेट रहनेछ ।

४.दुवैको हकमा बक्स पकेट पाईन्टको रहनेछ ।

च) क्याप (टोपी) :- सर्ट पाइन्टकै कपडाको क्याप रहनेछ ।
छ) सीटि गार्ड : अग्नि नियन्त्रकहरुको लागि रातो रंगको सिटि गार्ड रहने ।

- आगामी आर्थिक वर्ष ०७६/७७ बाट लागु हुने ।

***(अग्नि नियन्त्रकहरुले अग्नि नियन्त्रण गर्न जाँदा कार्यालयमा रहेको सुरक्षित पोषाक आगोले नटिप्नेवाला लगाएर जानुपर्नेछ )***

**प्रस्ताव न ४ : रकम विनियोजन सम्बन्धमा ।**

**निर्णय नं.४ :** यस नगरपालिका भित्र आ.व. ०७५/०७६ मा स्वीकृत भएको वडा नं.५ मा निर्माण गरिने शवदाह गृह निर्माण आयोजना र टीकापुर पार्कको मुख्य प्रवेशद्धारको दायां वांया माटोपटानी तथा फोहरमैला व्यवस्थापनका लागि स्टोरेज ब्लक सहितको पुर्वाधार निर्माण,कोठारपुर चौराह देखि मिलन चोक सम्म ग्राभेलिगं कार्य र सिंहमान विष्टको घर हुंदै विरेन्द्र बहुमुखि क्याम्पस जाने बाटो कालोपत्रे निर्माण कार्य हाल ठेक्का प्रकृयाबाट संचालन भएको र उक्त आयोजनाको ठेक्का प्रतिस्पर्धाबाट घटाघट भई वचत हुन आएको रकम कमश : रु.२७,९०,१९६।३६ ,रु. १०,२७,६७७।५७ रु.१६,५२,६४९।३८, १३,४३,४०५।३१ र १२,१,६७९।५९ बाट तपशिल बमोजीमका निर्माणाधिन तथा बजेट अपुग भएका आयोजनाहरु निर्माण कार्यमा थप बजेट विनियोजन गरी कार्यान्वयन गर्ने ।

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

तपसिल :

| सि.नं. | आयोजनाको नाम र आयोजना स्थल | विनियोजीत बजेट रु. | संचालन प्रकिया |
|---|---|---|---|
| १. | सत्ती बसपार्क देखि पदमपुर हुँदै डाँडाबोझी हुँदै दिव्यपुर जाने सडकमा पक्कि नाली निर्माण आयोजना वडा नं. ७ सत्ती | ४,७६,०००।०० | उपभोक्ता समिति |
| २. | वडा नं.२ राजिपुर जाने सडकमा रिटेनिगं वाल निर्माण आयोजना ,वडा नं. २ | २,५०,०००।०० | उपभोक्ता समिति |
| ३. | वडा नं. ६ स्थित सुरक्षित उच्च भवन परिसरमा माटो पटानी कार्य । | २,५०,०००।०० | उपभोक्ता समिति |
| ४. | वडा नं. ७ स्थित सुरक्षित उच्च भवन परिसरमा माटो पटानी कार्य । | २,५०,०००।०० | उपभोक्ता समिति |
| ५. | दुर्गानगर स्थित कालिका मन्दिर नजिक राजीपुर कुलामा कलभर्ट निर्माण ,वडा नं. १,दुर्गानगर । | २,००,०००।०० | उपभोक्ता समिति |
| ६. | वेलुवा कुलोमा कलभर्ट निर्माणमा (कुल लागत अनुमान प्रतिवेदन बमोजीम अपुग रकम थप) ,वडा नं. ७,वेलुवा । | ६,६८,४९३।०० | ठेक्का |
| ७. | बेलुवा बोझीमा सामुदायिक भवन ( शिवमन्दिर निर्माण ),वडा नं. ६ | ५,५०,०००।०० | ठेक्का/अमानत ~~उपभोक्ता समिति~~ |
| ८. | नगरपालिका केन्द्र भवन परिसरमा गेट ,बगैचा ,प्रतिक्षालय तथा सडक लगायतका संरचनाहरुको DPR सम्बन्धि परामर्श कार्यमा अपुग रकम थप ,वडा नं. १,ब्लक नं. १ । | १,५०,०००।०० | परामर्शदाता |
| ९. | श्री मल्लिका विद्या पिठ गुरुकुल निर्माणधिन भवनमा रकम थप ,वडा नं. १ | ५,५०,०००।०० | विद्यालय व्यवस्थापन समिति |
| १० | वडा नं.७ स्थित निर्माणधिन सुरक्षित उच्च भवन निर्माण आयोजना । | ५,४३,४४८।०० | ठेक्का सम्झौता भई निर्माण कार्य भैरहेको |
| ११ | वडा नं.६ स्थित निर्माणधिन सुरक्षित उच्च भवन निर्माण आयोजना । | ५,५९,९६१।०० | ठेक्का सम्झौता भई निर्माण कार्य भैरहेको |
| | **जम्मा रु.** | **रु.४४,४७,९०२।-** | |

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

**प्रस्ताव न.५ : ठेक्का प्रक्रियाबाट बचत हुन आएको रकम कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं. ५ :** - यस नगरपालिका भित्र आ.व. ०७५/०७६ मा स्वीकृत भएका तपसिलका विभिन्न योजनाहरु हाल ठेक्का प्रकृयाबाट संचालन भएको र उक्त योजनाहरुको ठेक्का प्रतिस्पर्धाबाट घटाघट भई वचत हुन आएको रकम सम्बन्धीत योजनाको थप कार्यको लागि लागत अनुमान तयार गरी कार्यान्वयन गर्ने ।

| क्र.स | ठेक्का नं | आयोजनाको नाम | सम्झौता रकम (भ्याट सहित) | बचत रकम रु. | संचालन प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | ४४/२०७५/०७६ | शसस्त्र प्रहरी वेस क्याम्प देखि समितिपुर हुदैं खकौला सडक जोडने बाटो कालोपत्रे निर्माण आयोजना ,वडा नं. १,समितिपुर ,टीकापुर,कैलाली । | २०५५०२५.६ | ९४४९७४.३४ | उपभोक्ता समिती |
| २ | १२/२०७५/७६ | ईजलास निर्माण आयोजना ,वडा नं. १,ब्लक नं.१,टीकापुर नर कार्यपालिकाको कार्यालय ,टीकापुर,कैलाली | ५६०८७२.९५ | २५२५८८.२३ | नगरपालिका |
| ३ | ७१/२०७५/०७६ | टीकापुर पार्कको मुख्य प्रवेशद्धारको दायां वांया माटोपटानी कार्य ,वडा नं. ५,नुक्लीपुर,कैलाली । | ८७१६९१.३७ | ८०००००.०० | उपभोक्ता समिती |
| ४ | ५९/२०७५/०७६ | कोठारपुरचौराहा देखि मिलन चोकसम्म ग्राभेलिगं कार्य ,वडा नं. २,कोठारपुर,कैलाली । | ५०९०५३.७ | ९५००००.०० | उपभोक्ता समिती |
| ८ | ६०/२०७५/०७६ | वडाका बिभिन्न बाटाहरु नकशांकन तथा माटो पटानी तथा ग्राभेलिगं कार्य ,वडा नं.५,कैलाली । | ५१३९८३.२ | ८७५३६१.०६ | उपभोक्ता समिती |
| ९ | ५६/२०७५/०७६ | फोहरमैला व्यवस्थापनका लागि स्टोरेज ब्लक सहितको पुर्वाधार निर्माण आयोजना ,वडा नं.५,कैलाली । | २९७८४९८.१५ | ८६७७०५.८५ | उपभोक्ता समिती |
| ११ | ६५/२०७५/०७७ | सिंहमान बिष्टको घरहुदैं ब्लक नं.डी हुदैं विरेन्द्र बहुमुखी क्याम्पस जानेबाटो कालोपत्रे निर्माण ,वडा नं. १ | १५६६८३८.९४ | ९५००००.०० | उपभोक्ता समिती |
| | | **जम्मा रु.** | | **५६४०६२९.४८** | |

**प्रस्ताव नं ६ :.मेरो वर्ष अभियान, २०७६ को प्रतिबद्धता सम्बन्धमा ।**

**निर्णय नं.६ :** नेपाल सरकारको राष्ट्रिय कार्यक्रम, अन्तरगत रहेको मेरो वर्ष अभियानलाई यस टीकापुर नगरपालिकामा स्वास्थ्य प्रबर्द्धन अभियानका रुपमा संचालन गर्न मेरो वर्ष अभियान, २०७६ लागु गर्ने र यस टीकापुर नगरपालिकाका पदाधिकारी एवं कार्यपालिकाका सदस्यहरुबाट तपसिल बमोजिमको प्रतिबद्धता पारित गरियो ।

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**"म मेरो स्वास्थ्य प्रति जिम्मेवार छु, म मेरो स्वास्थ्यको जिम्मेवारी आफै लिन्छु।"**

**मेरा १० प्रतिबद्धता मेरो स्वस्थ जीवनको आवश्यकता**

१। म स्वस्थ र पोषिलो खाना खान्छु।
२। म रक्सी, चुरोट र सुर्तीजन्य पदार्थबाट टाढै रहन्छु।
३। म नियमित स्वास्थ्य जाँच गराउँछु।
४। म नियमित व्यायाम गर्छु ।
५। म तनाव रहित जीवनशैलीलाई आत्मसात गर्छु।
६। म प्रदुषण नियन्त्रणमा सजग रहदै आफ्नो घर र समुदाय सफा राख्छु।
७। म ट्राफिक नियमको पालना गर्छु।
८। म मेरो परिवार र समुदायको स्वास्थ्य प्रति सजग रहन्छु ।
९। म स्वास्थ्यलाई प्रतिकुल हुने खालका बालविवाह, छाउपडी प्रथा जस्ता सामाजिक कुरीति र कुसंस्कारहरु अनुशरण गर्ने छैन
१०। म हिंसा तथा भेदभाव गर्ने छैन र कसैले हिंसा तथा भेदभाव गरेको थाहा पाएमा त्यसको प्रतिकार गर्नेछु

**प्रस्ताव नं. ७ : योजना संशोधन सम्बन्धमा ।**

**निर्णय नं. ७ :** यस चालु आ.व. ०७५/०७६मा स्वीकृत भएका तपसिल बमोजिमका योजनाहरु लागत स्टिमेट अनुसार रकम अभाव भई योजना सम्पन्न गर्न समस्या भएका साथै समयमा सम्पन्न गर्न समयअभाव हुने भएका कारण लगायतका योजना संशोधनका लागि वडा समितिको निर्णयानुसार सिफारिस भई आएका तपसिल बमोजिमका योजनाहरु कार्यपालिका कार्यालयको निर्णयानुसार कार्यान्वयन गरिएकोमा उक्त निर्णय अनुमोदन गर्ने साथै केन्द्रिय कार्यक्रम अन्तर्गत रहेको तपसिल बमोजिमको योजना संशोधन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**क- स्विकृत भइ वडा समितको निर्णय वमोजिम संशोधन भएका योजनाहरु :**

| सि नं | स्विकृत भएका आयोजना तथा कार्यक्रमको विवरण | स्विकृत वजेट | वडा समितिको वैठकवाट संशोधित आयोजना तथा कार्यक्रमहरु | वडा नं | संशोधित वजेट | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|
| १ | वनकुलाको पुछारमा पक्कि स्पर निर्माण | ५००००। | तत्कान चौधरीको घर नजिक को कल्भर्ट माथि पक्कि डुढ निर्माण | ४ | २०००००। दुइलाख रुपैया मात्र | मिति २०७६ साल जेठ १ गतेको वडा समितिको वैठकको निर्णय नं ३ वाट संशोधित , रकम अभावका कारणका योजना एकीकृत गरिएको |
| २ | धतुवा कुलामा पक्कि स्पर निर्माण | ५००००। | | | | |
| ३ | गमुवा कुलामा पक्कि स्पर निर्माण | ५००००। | | | | |
| ४ | तत्कान चौधरीको घर नजिक को कल्भर्ट माथि पक्कि डुढ निर्माण | ५००००। | | | | |
| ५ | वडा कार्यालयको घेरवार सहित वृक्षारोपण | २०००१३। | वडा कार्यालय जाने वाटोमा ग्राभेल निर्माण | ९ | २०००१३। | (मिति २०७५/०२/०१ को वैठकको निर्णय नं १ वाट संशोधित )/घेरबार गर्न उपयुक्त नदेखिएको |

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | न्यू जन सेवा ग्रामिण विद्युत सहकारी लाइ ट्रान्सफर्मर १०० केभिए ( | २०००००। | न्यू जन सेवा ग्रामिण विद्युत सहकारी लाइ ट्रान्सफर्मर ५० केभिए | ४ | २०००००। | (वडा समितिको मिति २०७६/०१/०६ गतेको वैठकको निर्णय नं १ वाट संशोधित) रकम अभाव |
| ७ | ६ नं वडाको वडा भित्रको विभिन्न सडक रेखांकन तथा ग्राभेल | ५०००००। | सिप्रेनी स्थित सिप्रेनी चोक देखी टंक ताम्राकारको घर सम्मको वाटो मा माटो पटानी तथा ग्राभेल | ६ | २०००००। | वडा समितिको मिति २०७५/११/२७ गतेको निर्णय नं १ वाट निर्णय भएको । |

**ख - केन्द्रीय स्तरका योजनाहरु**

| सि नं | स्वीकृत भएका आयोजना तथा कार्यक्रमको विवरण | स्विकृत वजेट | संशोधित आयोजना तथा कार्यक्रम | संशोधित वजेट | संसोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|
| १ | महिलालाई केराको प्रसोधनबाट रेशा उत्पादन तथा बिभिन्न सामान तयार गर्ने कार्येक्रम | १५,०००००. | केराको सामग्री सम्बन्धी अध्ययन भ्रमण | ३७४९५ | प्रभावकारि रुपमा कार्यक्रम संचालनका लागि |
| | | | केराको अवस्था सम्बन्धि अन्तरक्रिया | ४३००० | अवस्था विश्लेषण |
| | | | माग र लागत सहभागितामा केरा खेति सम्बन्धि कृषि औजार सहयोग कार्यक्रम | १४,१९,५०५ | अन्तरक्रिया बाट प्राप्त प्रतिबेदन र सुझाब सहित प्रभावकारी संचालन |

**प्रस्ताव नं.८ : विद्यालयको २ कोठे भवन निर्माण प्रक्रिया सम्बन्धमा ।**

**निर्णय नं. ८ :** नेपाल सरकार सशर्त अनुदान विद्यालय क्षेत्र विकास कार्यक्रम स्थानीय तहबाट संचालन हुने कार्यक्रम अन्तर्गत २ कोठे पक्की ट्रष्ट भवन निर्माण सम्बन्धमा नगर कार्यपालिका बैठकको मिति २०७६/०२/०२ को निर्णयानुसार छनौट भएका विद्यालयहरुको योजना निर्माण प्रक्रिया उपभोक्ता समिति मार्फत गर्ने ।

**प्रस्ताव नं.९ : आर्थिक सहायता सम्बन्धी कार्यविधि सम्बन्धमा ।**

**निर्णय नं. ९:** यस नगरपालिकाको विधेयक समितिबाट पेश भएको “टीकापुर नगरपालिकाकोआर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७६” स्वीकृत गर्ने निर्णय गरियो ।

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं.१० : सक्शन मेशिनको दररेट कायम तथा संचालन मापदण्ड सम्बन्धमा ।**

**निर्णय नं. १० :** यस नगरपालिका क्षेत्र भित्र रहेका घरधनीहरुले आफ्नो घरमा रहेको स्यफ्टी ट्यांकी सरसफाई गर्ने प्रयोजनका लागि नगरपालिकामा रहेको सक्शन पम्प भाडामा उपलब्ध गराईदिन माग भईरहेको सम्बन्धमा तपसिल बमोजिमको मापदण्ड तय गरि भाडामा उपलब्ध गराउने निर्णय गरियो ।

**क)** प्रति पटक प्रति शक्सन मेशिन रु.२५००।-(दुई हजार , पाँच सय) भाडा दर कायम गर्ने (आगामि नगरसभाबाट अनुमोदन हुने गरी)

**ख)** सम्बन्धित ब्यत्ति/घरधनि/संस्थाले नगरपालिका, कार्यपालिकाको कार्यालयमा लिखित निवेदन पेश गर्नुपर्ने ।

**ग)** निवेदन पश्चात पालोक्रम अनुसार कार्यपालिका कार्यालयबाट आदेश दिई सरसफाईका लागि पठाईनेछ र यसरि जानु अघि सम्बन्धित ब्यक्ति/घरधनि/संस्थाले नगर कार्यपालिका कार्यालयको राजश्व शाखामा नगदै बुझाई, नगदि रसिद लिनुपर्नेछ ।

**घ)** ढलबाट निस्किएको फोहर (सिकेज) विर्षजन स्थलको ब्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित निवेदककै हुनेछ ।

**ङ)** कार्यालयको सम्बन्धित शाखा/जिम्मेवार ब्यक्तिले शक्सन मेशिनको प्रयोगको विवरण रजिष्ट्रर तयार गरी विवरण अध्यावधिक गर्नेछ जसमा अनिवार्य रुपमा रसिद नं, प्रयोग भएको समय, पटक , आदेश दिने जिम्मेवार ब्यक्ति लगायतका विवरण खुलेको हुनुपर्नेछ ।

**प्रस्ताव नं. १० : बृत्त चित्र निर्माण सम्बन्धमा ।**

**निर्णय नं. १० :** यस नगरपालिकाको कृषि, पर्यटन, पूर्वाधार, सामाजिक, धार्मिक लगायतका विविध पक्षलाई समेट्ने गरि बृत्त चित्र निर्माण गर्न आवश्यक देखिएकोले चालु आ.व.०७५/०७६ मा सि.सि. क्यामेरा जडानका लागि विनियोजित बजेट शिर्षकमा रहेको रकमबाट रु. ५,००,०००।- (रु.पाँच लाख) संशोधन/विनियोजन गरि उक्त कार्य गर्ने ।

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल